म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९ बिहीबार ०२ भदौ २०७९ ने. सं. ११४२ गुँलागा 18 August, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

## अनामिका उद्योगमा शिल, भ्याली फिडको अवैध काम

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा हेटौंडा औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेका खाद्य उद्योगहरुको अनुगमन गरिएको छ ।

अनुगमनबाट खाद्य उद्योगहरु अवैध तरिकाबाट अखाद्य वस्तु उत्पादन गरेर बजार पठाउने कार्यमा संलग्न रहेको खुलेको छ । मानव तथा पशुपन्छी स्वास्थ्यमा प्रतिकुल असर पुऱ्याउने अखाद्य वस्तु उत्पादन गर्ने आद्योगिक क्षेत्रको दुई उद्योगलाई प्रशासनले कारबाही गरेको हो । जसमध्ये मसौरा उत्पादन गर्ने अनामिका खाद्य उद्योग शिल गरिएको छ । मानव स्वास्थ्यको ख्याल नै गरी अखाद्य वस्तु उत्पादन गरिरहेको पाइएपछि उद्योगमा शिल गरिएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले जानकारी दिए । अनामिका उद्योग आफैंमा अवैध रहेको खुलेको छ ।



२०७६ असार मसान्तपछि उद्योगको खाद्य अनुज्ञा पत्र नै नवीकरण नभएको खुलेको हो । उद्योगमा अत्याधिक फोहोर पाइएको, खाद्या पदार्थमा संक्रमणको जोखिम देखिएको उत्पादन भएर बिग्रिएको वस्तुलाई फेरि उत्पादनमा प्रयोग गरेको पाइएकोले शिल गरिएको सहायक प्रजिअ गैह्रेले जानकारी दिए । उक्त उद्योगलाई ३ दिनभित्र कागजातसहित प्रशासनमा उपस्थित हुन निर्देशन दिइएको छ । उद्योगलाई थप कारबाही हुन सक्ने गैह्रले बताए ।

यसैगरी, पशुपन्छीका लागि दाना उत्पादन गर्ने औद्योगिक क्षेत्रको भ्याली फिड प्रालिले पनि अवैध तरिकाबाट दाना उत्पादन गर्ने गरेको पाइएको छ । उद्योगले दानाको उत्पादन र उपभोग्य मिति नै नखुलाई बिक्रीका लागि बजार पठाउने गरेको खुलेको हो । भ्याली फिड प्रालिबाट १ लाख १४ हजार ७ सय ५० मुल्य बराबरको ४५ बोरा दाना नष्ट गरिएको जनाइएको छ । उपभोग्य मिति सकिएको दाना नष्ट गरिएको सहायक प्रजिअ गैह्रेले बताए ।

यसैगरी, भ्याली फिडकै १३ हजार केजीको ९ लाख २३ हजार मुल्य बराबरको २ सय ६० बोरा दाना बिक्री वितरणमा रोक लगाइएको । २ सय ६० बेरा दानामा उत्पादन र उपभोग्य मिति नखुलेकोले बिक्री वितरण गर्न रोक लगाइएको गैह्रले बताए । प्रशासनले उद्योगलाई तीन दिनभित्र कागजातसहित उपस्थित हुन निर्देशन दिएको छ । गैह्रेका अनुसार भ्याली फिडलाई पनि थप कारबाही हुन सक्नेछ । बिक्रीमा रोक लगाइएको दानाको सम्बन्धमा कागजात पत्र हेरेपछि निर्णय लिइने उनले बताए ।

यसैगरी, अनुगमन टोलीले औद्योगिक क्षेत्रकै हेटौंडा दुग्ध वितरण आयोजना, खजुरीमा तथा एन्टारटिक बिस्कुट उद्योगमा अनुगमन गरेको छ । हेटौंडा दुग्ध वितरण आयोजनामा ठूलो समस्या नदेखिएको गैह्रेले जानकारी दिए ।

आयोजनामा सरसफाईमा कमजोरी देखिएको र पुरानो संरचना भएकाले झ्याल ढोकामा खिया लागेका कारण सरसफाई गर्न निर्देशन दिइएको उनले बताए । एन्टारटिक बिस्कुटमा सरसफाईमा कमजोरी दिएकोले सचेत गराइएको उनको भनाइ छ । खजुरी बिस्कुटमा कुनै समस्या नदेखिएको उनले बताए ।

अनुगमनमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख डा. क्षितिज श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, उपभोक्ता हित संरक्षण मञ्चलगायतका प्रतिनिधिको सहभागिता थियो । उपभोक्ता हित संरक्षण मञ्चका बासु खतिवडाले बजारका पसलमा भन्दा पनि उद्योगहरुमै ठूलो समस्या देखिएको बताए । अनुगमनबाट उद्योगहरु नै अवैध तरिकाबाट अखाद्य वस्तु उत्पादन गरिरहेको पाइएपछि खतिवडाले बजारमा भन्दा उद्योगमा ठूलो समस्या रहेको बताएका हुन् । हेटौंडा उपमहानगरपालिकाको पहल र जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा बजारमा नियमित अनुगमन हुन थालेको छ ।

यसअघि २५ साउनमा हेटौंडा बजारमा एकै पटक पाँच वटा टोली खटिएर अनुगमन गरिएको थियो । अनुगमन टोलीले होटल, स्वीट्स एवम् फाष्टफुड पसल ११ वटा, अस्पताल तथा स्वास्थ्य संस्था ६ वटा, सुपरमार्केट तथा गोदाम घर २ वटा, हार्डवयेर पसल १० वटा, फेन्सी पसल ९ वटा, मोबाइल पसल १ वटा, मासुपसल ६ वटा, डेरी पसल १ वटा, भेटेरिनरी औषधि पसल ३ वटा, चल्ला तथा दाना पसल ५ वटामा अनुगमन गरिएको थियो । अखाद्य वस्तु बिक्री वितरण गरेको भन्दै राजधानी स्वीट्स र आँगन स्वीट्स एवम् फाष्टफुड पसललाई २० हजार रुपियाँ जरिवाना गरिएको थियो ।

## हेटौंडामा निर्वाध अटो चलाउन पाउनुपर्ने माग राखेर आन्दोलन

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ हेटौंडामा रुट परमिट लिएकाहरुलाई मात्र चलाउने अनुमति दिने उपमहानगरपालिका कार्यालयको कार्यविरुद्ध अटो चालकहरु आन्दोलित भएका छन् ।

बजारको साँघुरा सडकको क्षमता भन्दा बढी अटो सञ्चालन भएपछि उपमहानगरपालिकाले १९ साउनदेखि नगरभित्र सञ्चालन अनुमति लिएका अटोहरुलाई हरियो स्टिकर टाँस गर्न सुरु गरेको थियो । त्यसपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय एक हप्ताको समय दिएर नगरभित्र सञ्चालन गर्ने अनुमति लिएका अटोहरुलाई हरियो स्टिकर टाँस गरेको थियो । हरियो स्टिकर टाँस नगरेका अटोहरुलाई कारबाही सुरु भएपछि सञ्चालन अनुमति नै नलिएका अटोहरु उपमहानगरपालिका कार्यालयविरुद्ध आन्दोलन गर्न सुरु गरेका छन् ।

उपमहानगरपालिकाले २०७६ पुसको ७ गते हेटौंडा क्षेत्रमा थप तीन पांग्रे सवारीसाधन दर्ता अनुमति नदिने निर्णय गरिएको थियो । तर, बाहिरी जिल्लाको रुट परमिटले हेटौंडामा अटो र मयुरी निर्वाध सञ्चालन भइरहेका थिए । २०७६ पछि हेटौंडाभित्र सञ्चालन अनुमति नपाएका अटोहरुले मकवानपुर जिल्लाभर सञ्चालन गर्ने गरी रुट परमिट लिएका थिए ।





तर, उपमहानगरपालिकाले २० साउनदेखि नगरभित्र सञ्चालन अनुमति पाएका अटोलाई मात्र चल्न दिने निर्णय गरेर स्टिकर टाँस गर्न थालेको थियो । उक्त निर्णयका विरुद्ध अटो व्यवसायीहरु उपमहानगरपालिका कार्यालयमा धर्ना बसेका छन् ।

नगरभित्र सञ्चालन अनुमति नलिएका अटो चालकहरुले रुट परमिट माग गर्दै आन्दोलन सुरु गरेका हुन् । बुधबार उपमहानगरपालिका कार्यालय अगाडि अटोको लाइन लगाएर चालकहरु रुट परमिट माग गर्दै नाराबाजी गरेका थिए । मकवानपुर जिल्लाभर चलाउन पाउने अनुमति भएपनि हेटौंडामा चलाउन नपाएको भन्दै अटो व्यवसायीहरुले रोजीरोटीमै समस्या भएको गुनासो गरेका छन् ।

तर, जिल्ला ट्राफिक प्रहरी कार्यालयले २०७६ पुस अगाडि नै जिल्लाभर चलाउन पाउने अनुमति भएका अटोलाई सञ्चालनमा कुनै रोकतोक नलगाएको जनाइएको छ । तर, हेटौंडा उपमहानगरले २०७६ पुसपछि परमिट नदिने निर्णय गरेपछि भित्रिएका अटोहरुलाई भने सञ्चालनमा रोक लगाइएको हो । ट्राफिक प्रहरीले स्टिकर नटाँसेका अटो तथा मयुरीलाई भटाभट कारबाही सुरु गरेको छ । प्रहरीले कारबाही सुरु गरेपछि अटो व्यवसायीहरु नगरभित्रै अटो चलाउन पाउनुपर्ने माग राखेर आन्दोलित भएका हुन् । अटो व्यवसायी नवराज ढुंगनाले समस्या समाधान नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन् । सबै कागजत पत्र भएकालाई सञ्चालन अनुमति दिनुपर्ने उनको भनाई छ ।

अत्याधिक अटो-मयुरीका कारण हेटौंडाको ट्राफिक व्यवस्थापन अस्तव्यस्त छ । नगरभित्रका सबै सडकमा अटो र मयुरी बग्रेल्ती भेटिन्छन् । ट्राफिक नियम पालना गर्न अटेर गर्ने गरेको धेरै गुनासो अटो र मयुरीमाथि छ । असंख्य अटो-मयुरी नियन्त्रण गर्न उपमहानगरले स्टिकर भएकालाई मात्र चलाउन दिने नीति लिएको थियो । हेटौंडाको बीच बजारबाट दुईवटा राष्ट्रिय राजमार्ग पर्ने भएकाले वर्षौंदेखि साँघुरा सडक समस्या बन्दै आएका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# खानेपानी आपूर्ति सहज बन्दै

हेटौंडा नगर क्षेत्रमा जनसंख्याको चाप अत्यधिक वृद्धि भएकाले निकट भविष्यमा हुनसक्ने खानेपानीको कमीलाई व्यवस्थापन गर्न हेटौंडा उपमहानगरपालिका तथा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले सक्रियता देखाउँदै आएको छ । खानेपानीको सहज आपूर्तिको लागि नयाँ आयोजनाहरु निर्माणलाई तिब्रता दिँदै खानेपानीको आपूर्ति पर्याप्त बनाउन क्रियाशील बनिरहेको पाइन्छ । हेटौंडामा बढ्दै गएको जनसंख्याको आधारमा बढ्ने खानेपानीको मागलाई सहज पूर्ति गर्न वृहत् खानेपानी आयोजना सुरु भएको छ । संघीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन निकास आयोजना, हेटौंडा उपमहानगरपालिका र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको संयुक्त लगानीमा विभिन्न खानेपानी आयोजना निर्माण सुरु भएको छ । १५ करोड ५५ लाख रुपियाँ लागतमा हेटौंडा उपमहानगरपालिकाको विभिन्न चार स्थानमा खानेपानी ट्याङ्की तथा डिप बोरिङ निर्माण कार्य सुरु भएपछि भविष्यमा बढ्ने खानेपानी मागलाई व्यवस्थापन गर्न सहज हुने आशा गरिएको छ ।

करिब ६ वर्षअघि तत्कालीन नेपाल खानेपानी संस्थानको हेटौंडा शाखालाई हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने समयमा हेटौंडामा खानेपानी आपूर्ति पर्याप्त थिएन । त्यसबेला हेटौंडा बजार क्षेत्रमा दैनिक एक करोड २० लाख लिटर खानेपानी माग रहेकोमा केबल ७० लाख लिटरमात्र आपूर्ति भइरहेको थियो । तर, खानेपानी व्यवस्थापन बोर्डले खानेपानी वितरणको जिम्मा लिएपछि क्रमश: वितरण प्रणाली र थप खानेपानी आपूर्तिका स्रोतहरु पहिचान गरी विकास गरेर सहज व्यवस्थापन गर्दै आएको छ । अहिले बोर्डले दैनिक एक करोड ८२ लाख लिटरभन्दा बढी पानी उत्पादन तथा वितरण गरिरहेको छ । बोर्डले हेटौंडा बजार क्षेत्रका १९ वडा मध्ये २,४,५,६, ७, ८, ९, १० नम्बर वडामा पूर्ण र वडा नं. १, १४, १५, १६, १७ र १९ नम्बर वडामा करिब २२ हजार दुईसय १४ वटा धारामार्फत् उक्त पानी वितरण गर्दै आएको छ ।

अहिले निर्माण सुरु भएका आयोजना सम्पन्न भएपछि बोर्डको वितरण प्रणालीमा करिब २० लाख लिटर पानी थप हुने अनुमान गरिएको छ । हेटौंडा १० को टीसीएनमा डिप बोरिङसहितको पानी ट्याङ्की निर्माण सकिएको छ । यस्तै, हेटौंडा ५ को रुद्रेश्वर, हेटौंडा २ को हरिकुञ्जरोड र हेटौंडा १५ को भोर्लेमा तीनवटा ट्याङ्की निर्माण पनि सुरु भएको छ । यी सबैको आयोजनाको काम अब सम्पन्न गर्ने योजना रहेको छ । हरेक मानिसको दैनिक जीवनमा अत्यावश्यक खानेपानीलाई सहज बनाउनु सबै तहका सरकारको दायित्व हो । मुलुकमा अझै पाइप तथा धाराको पानी उपभोग गर्नेको संख्या कम नै छ । अझ स्वच्छ खानेपानी वितरणको अवस्था प्रभावकारी देखिँदैन । आम उपभोक्ताले धाराको पानी फिल्टर गरेर वा उमालेर खानुपर्ने बाध्यता न्यूनीकरण गर्दै स्वच्छ पानी वितरणमा खानेपानी व्यवस्थापन बोर्ड अग्रसर हुनु आवश्यक छ । अधिकांश शहरी क्षेत्रमा वितरण प्रणाली सहज भए पनि पर्याप्त खानेपानीको स्रोत नहुँदा मागअनुसार खानेपानी उपलब्ध गराउन कठिन भइरहेको छ । हेटौंडा बजार क्षेत्रमा देशका अन्य शहरको तुलनामा खानेपानी आपूर्तिको अवस्था सन्तोषजनक रहे पनि बढ्दो शहरीकरण र जनसंख्या वृद्धिसँगै बढ्दै जाने माग पूर्ति गर्न खानेपानी व्यवस्थापन बोर्ड र उपमहानगरपालिका सदैब क्रियाशील बन्नु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०३ गते शुक्रबार १९ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष अष्टमी । गुँलागा ११४२ । सूर्योदय: ५:३६, सूर्यास्त: ६:३७ मा हुनेछ । श्रीकृष्ण जन्माष्टमी ब्रत (बिदा)/मोहरात्री ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरेलु काममा रुचि | **तुला** | : अध्ययनमा प्रगति हुने |
| **वृष** | : जोस एवम् जांगर बढ्ने | **वृश्चिक** | : रोग एवम् चिन्ता बढ्ने |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : व्यवसायबाट लाभ पाइने |
| **कर्कट** | : मान मर्यादामा वृद्धि | **मकर** | : जिम्मेवारी पूरा गर्न सकिने |
| **सिंह** | : लेनदेनको विवाद बढ्ने | **कुम्भ** | : गलत विचार बढ्ने |
| **कन्या** | : स्वास्थ्यमा सुधार हुने | **मीन** | : काममा अबरोध आउने |

# आफैं शासक बन्नुपर्ने अग्नि परीक्षामा युवा

**राजनीतिमा लागेको युवाले यदि नेतृत्वले चुनावी टिकट दिँदैन भने विद्रोह गर्नुपर्छ । पार्टीमा भण्डाफोर अभियान चलाइएर युवालाई अगाडी सार्नुपर्दछ ।**



चन्द्रकान्त न्यौपाने

नेपालको राजनीतिक इतिहासलाई नियाल्दा जंगबहादुर राणाले २९ वर्षको उमेरमा मुलुकको प्रधानमन्त्री भई शासनको बागडोर सम्हालेका थिए । त्यसपछि कान्छो उमेरमा कांग्रेसका संस्थापक नेता बीपी कोइराला ४५ वर्षको उमेरमै प्रधानमन्त्री भएका थिए ।

नेपाली काँग्रेसका वर्तमान पार्टी सभापति शेरबहादुर देउवा पहिलो पटक प्रधानमन्त्री हुँदा ४८ वर्षका थिए । यो इतिहास नै भयो । तर गणतन्त्रपछिका सबै प्रधानमन्त्री हेर्यौं भने त्यहाँ बुढा र पुरानापुस्ता मात्रै हावी भएका छन् । यो १६ बर्षसम्म एक जना युवाले पनि मुलुकको नेतृत्व पाउन सकेका छैनन् ।

तर विश्व इतिहासको अहिलेको अवस्थालाई हेर्ने हो भने नेपालको जस्तो छैन । ठ्याक्कै उल्टो जस्तो देखिन्छ । विश्वका कैयौँ विकसित देशमा तातो रगतले उम्लिएका युवाले राज्यसत्ता चलाइरहेका छन्, अहिले पनि । विश्वको सबभन्दा कान्छा राष्ट्रप्रमुख भनेर चिनिने अस्ट्रियाका चान्सलर ३१ वर्षका छन् । उनले अष्ट्रियाको चामत्कारिक विकास गरेका छन् । युगान्डाकी सांसद प्रोस्कोभिया ओरोमाइट सन् २०१३ मा सांसद निर्वाचित हुँदा १९ वर्षकी थिइन् । उनी अफ्रिका मात्र नभई संसारकै कान्छी सांसद बनिन् । त्यसैगरी ब्रिटिस स्कटमूलकी म्हाहारी ब्ल्याक सन् २०१५ मा सांसद जित्दा २० वर्षकी थिइन् ।

न्युजिल्यान्डको लेबर पार्टीबाट २००८ मा २८ वर्षको उमेरमा सांसद बनेकी ज्यासिन्डा आड्रन ३७ वर्षको उमेरमै पार्टी प्रमुख हुँदै सन् २०१७ अगस्तमा न्युजिल्यान्डको तेस्रो महिला तथा उक्त देशको इतिहासमा सबभन्दा कम उमेरकी युवा महिला प्रधानमन्त्री हुन सफल भइन् । त्यस्तै, फ्रान्समा ३९ वर्षका युवा नेता इम्यानुएल म्याक्रोन पहिलो पटक चुनाव जितेर राष्ट्रपति भए । क्यानडाका जस्टिन ट्रुँडो ४४ वर्षको उमेरमा प्रधानमन्त्री बन्दा फिनल्यान्डमा स-नाना मरिन ३४ वर्षको उमेरमा प्रधानमन्त्री निर्वाचित भइन् । बेल्जियममा पनि ४२ वर्षीय चार्लेस मिचेल प्रधानमन्त्री भई देशको नेतृत्व गरेका छन् । यो पृष्ठभूमिभित्र २०७९ मंसिर ४ गते प्रतिनिधि र प्रदेश सभाको चुनाव हुँदै छ ।

आम नागरिकले चुनावपछि नयाँ प्रधानमन्त्रीको रुपमा नयाँ अनुहार आउँछन् कि तिनै पुराना व्यक्ति प्रधानमन्त्रीमा दोहोरिएलान् ? व्यग्र प्रतिक्षामा छन् । दलहरुको तयारी अनुसार त फेरि पनि यिनै शीर्ष नेतामध्ये एक निश्चित छ । तर जनताले मत बदले भने नयाँ युवा पुस्ता पनि प्रधानमन्त्रीमा नआउलान् त्यसै भन्न सक्ने अवस्था छैन । किनकि मुलुकमा पूर्वप्रधानमन्त्री या एक पटक सांसद र मन्त्री बनेकालाई हराउन अभियान पनि एक ढंगले चलेको देखिन्छ ।

आगामी चुनावमा कसलाई हराउने कसलाई जिताउने हात आम युवामाझ देखिन्छ । किन कि मंसिर ४ गते १८ वर्ष उमेर पुगेका करिब ३ लाख युवा मतदातामा मतदानबाट सक्षम व्यक्ति छान्ने सुअवसर छ । त्यो दिन मात्रै भोट हाल्न योग्य मतदाताभन्दा लाखौँ युवा महदाता अरु पनि छन् । जसको हातमा यो देशको नेतृत्व छान्ने अवसर छ । अर्कोतर्फ युवाहरु चुनावमा उठेर परिवर्तनको सुरुवात गर्ने अवसर पनि नेपाली युवाले प्राप्त गर्दै छन् । अब देशको भविष्य कस्तो बनाउने ? यिनै युवाले गरेको मतदानबाट थाहा हुने छ । सक्षमलाई जिताउने र असक्षमलाई हराउने काम निर्वाचन सिवाय सडकको चिया चौतारीको गफले दिँदैन । मत सहि ठाउँमा खसानु पर्दछ । उमेरले मात्र युवा होइन असल सोँच, विचार, योजना र राष्ट्रप्रेमले युवा भएका व्यक्ति छान्नु पर्दछ ।

गत वैशाख ३० गते स्थानीय निर्वाचनमा ४२ प्रतिशत युवा उम्मेदवार थिए, जसमा धरानका मेयर हर्क साम्पाङ, काठमाण्डौँका मेयर बालेन्द्र शाह, धनगढीका मेयर गोपाल हमालजस्ता ३९.६४ प्रतिशत युवा निर्वाचित भए । यसले पनि युवाहरुलाई उत्साहित बनाएको छ । त्यसमा अधिकांस ४० बर्षमुनिका युवा चयन भएका छन् । यो युवामाथिको भरोसा, सुशासनप्रति जनअपेक्षाको अभिव्यक्ति भन्न सकिन्छ । विगतको सहभागिता र अहिलेको स्थानीय निर्वाचनको नतिजाले आगामी संघीय र प्रदेशको निर्वाचनमा युवाको उम्मेदवारी र विजयी हुने दर बढ्ने बलियो सम्भावना देखिन्छ ।

यी दुई अवसरबाट अब नेपाली युवा चुक्नु हुँदैन । यदि यो भयो भने युवा मात्रै चुक्दैनन्, देश नै चुक्छ । त्यसकारण यो अवसरको कसरी सदुपयोग गर्ने भन्नेमा अब युवाले सोच्नै पर्दछ । यति मात्रै होइन मगजमा एक पार्टीको छापले डेरा जमाइरहेका पुराना मस्तिष्क भएका आमाबुबालाई पनि सचेत बनाउने दायित्व युवामाझ छ । विश्व सर्वहारा वर्गका महान गुरु कार्ल माक्सले भनेका छन्, युवाहरु हो जिते संसार छ । हारे केही पनि छैन । त्यस्तै अर्का महान गुरु माओत्सेतुङले युवाहरुलाई प्रेरित गर्दै भनेका छन्, यो देश तिमीहरुको पनि हो मेरो पनि हो । तर अन्तिममा तिमीहरुकै हो । यी दुई भनाईबाट के थाहा हुन्छ भने युवा परिवर्तनका वायु हुन् । कुनै पनि मुलुक हाँक्ने सामर्थ्य हुन् । निर्वाचन आयोगले २१ वर्ष उमेर पुगेका नेपाली नागरिकलाई निर्वाचनमा उठ्न पाउने अधिकार दिएको छ । त्यसैले शिक्षित, योजना भएका र उर्जाशिल युवाहरु पार्टी मनोविज्ञानबाट माथि उठेर प्रदेश र प्रतिनिधि सभा सदस्यमा उठ्न जरुरी छ भने मत प्रकट गर्ने बेलामा निकै सुझबुझ अपनाउनु पर्ने बेला छ । अब युवाले पार्टीविना जित्तिन कि भन्ने मनोविज्ञान त्यागेर गलत पात्रकाविरुद्ध सति साल झैं ठिङ्ग उभिन सक्नु पर्दछ । आफ्नो मुलुक विकास गर्ने योजना र देशप्रेम भएका निष्कपट ब्यक्तिलाई चुनावामार्फत् जिताउनु पर्दछ । ती व्यक्ति चाहे स्वतन्त्र होऊन् चाहे पार्टीका वास्ता राख्नु हुँदैन । मेरो पार्टीको भनेर अक्षम र गलत मान्छेलाई मत खसाल्नु भनेको मताधिकारको दुरुपयोग हो । त्यो मुलुकमाथिको चरम बेइमानी र धोका हो । मुलुक खोक्रो र निकम्म बनाउने पागलपन हो । अब फेरि यही पागलपन दोहोर्याउने हो र ? युवाहरुले यो बुझ्न जरुरी छ । पुराना मतदाताले त आफ्नो मगजको छाप छोड्न चाहान्न् र सक्दैनन् पनि । तर अबका युवा मतदाताले भने पार्टीको मनोविज्ञान तोड्नु पर्दछ ।

आगामी मंसिरमा हुने निर्वाचनमा बेइमानी र खराब चरित्र नभएका योग्य र सक्षम उम्मेदवार छैनन् भने काँग्रेस, माओवादी, एमाले, समाजवादी, राप्रपाको भनेर मत खसाल्न जरुरी छैन । यदि पार्टीबाट देशप्रेमी र भिजनेवल ब्यक्ति उठेका छन् भने जिताउनु पनि पर्दछ । अब खसालेको मतले रातदिन नपोलिरहोस् जसरी २०७४ मा खसालेको मतले आज आफ्नै छाती पोलिरहेको छ । अहिले चलिरहेको एउटा स्यालहुइन्या छ दलका नेताले चुनाव जित्नु हुँदैन बर्बाद हुन्छ । तर त्यो होइन बहुदलीय ब्यवस्था भएको पार्टीमा दलले नै हो चलाउने राज्य । तर ती दलमा सक्षम युवा सोँच भने हुन जरुरी छ । जस्तो अमेरिकाका वर्तमान राष्ट्रपति जो बाइडेन ७९ बर्षका भए ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी ७३ बर्षका भए । रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सि जिन पीङ समान ७९ बर्षका भए । तर मुलुक विकासको तीव्र गतिमा दौडाइरहेका छन् । अब उनीहरुलाई बुढा भए भन्न मिल्दैन । किनकि उनले मुलुक र जनताको लागि काम गरिसकेका छन् । जनताको जनजिवीका बदलेका छन् । हामीलाई चाहिएको उमेरले युवा । बुढो होइन मुलुक र जनताको सामाजिक र आर्थिक जनजिवीका बदल्ने देशप्रेमी युवा सोँच चाहिएको हो ।

तर यो सत्यका पछाडी नेपालमा अर्को विडम्बना छ कि युवा अरुको इसारामा परिचालित हुनु । दलले युवालाई फाइदाको लागि प्रयोग गर्नु । दलले चुनावका बेला युवालाई विभिन्न वाद र विचारमा जहिले पनि विभक्त गरिरहे । युवाहरु उनीहरुका गोटी बनिरहे । युवा नेताहरुमाथि बज्रिएको खुकुरीको रक्षा कवच (ढाल) बनिरहे । चुनावका मासु, भारत र रक्सीमा युवा शक्ति बेतिन बाध्य भयो । जसले गर्दा मुलुकमा आशादित परिवर्तन हुन सकेको छैन । जुन देशले युवालाई आफ्नो मुलुकको विकासमा उपयोग गर्छ, त्यस देशले आर्थिक र सामाजिक विकासमा फड्को मार्छ । क्यानडा, डेनमार्क, नर्वे, फिनल्यान्ड, न्युजिल्यान्ड लगायतका देश युवाहरूलाई विकासका गतिविधिमा सहभागी गराई समृद्धिमा पुगेका हुन् । यो अवस्थामा मुलुकलाई पुर्याउन युवाको मतदान अमूल्य छ आगामी चुनावको लागि । राजनीतिमा युवालाई आकर्षण र सहभागी गर्न सके लोकतन्त्र बलियो हुन्छ भनिन्छ । तर नेपालको राजनीतिमा गर्न सक्ने सक्षम युवालाई निर्वाचन या नेतृत्व गर्ने ठाउँमा बाइकट गर्दा मुलुक अधोगतितर्फ बढिरहेको छ । यसकारण अब युवाले आफै आफ्नो अधिकार प्रयोग गर्नेतर्फ अगाडी बढ्नु पर्दछ । राजनीतिमा लागेको युवाले यदि नेतृत्वले चुनावी टिकट दिँदैन भने विद्रोह गर्नुपर्छ । पार्टीमा भण्डाफोर अभियान चलाइएर युवालाई अगाडी सार्नुपर्दछ ।

मुलुकका हरेक पार्टीमा नेतृत्व जन्मिएनन् कार्यकर्ता मात्र जन्मिइरहे । क्षमताभन्दा उमेर र पार्टीमा योगदान गरेको आधारमा पद बाँडिन्छ । पछिल्लो चरणमा त राजनीति व्यापारीहरूको हातमा पुगेको छ, टिकट किनबेचका लागि । नेपालमा मौलाउँदै गरेको राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरणले स्वच्छ छवि भएको व्यक्ति भेट्न गाह्रो छ । युवाको उपस्थितिले राजनीतिक स्थितिहरूमा मात्र होइन सामाजिक पुरातनवादी मनोवृत्तिमा पनि परिवर्तन गर्न सक्छन् । युवाहरूलाई प्रोत्साहन गर्दा नेतृत्व गर्ने तत्परता, क्रियाशीलता र सहभागिताले राजनीतिलाई नयाँ आयाम दिन सक्छ । देशमा गणतन्त्र आयो, शासन व्यवस्था परिवर्तन त भयो तर नागरिकको जीवनस्तरमा परिवर्तन आएन । नेताहरूको जीवनशैलीमा परिवर्तन आयो, आलिशान घरबंगला भए तर युवाहरू आफ्नो जीविकाकै लागि विदेशिनु पर्यो ।

दलित अझै अछूत हुनुपर्ने, मधेसी हेपिनुपर्ने, महिला बलात्कृत हुनुपर्ने, शक्तिमा हुनेहरूले सधैँ रजाइँ गर्ने स्थिति भयो । आम सर्वसाधारण नागरिकले राज्यको अनुभूति गर्नै सकेनन् । त्यसैले सामाजिक न्यायसहितको समतामूलक समाज निर्माण गर्न युवाले नेतृत्व लिनैपर्छ । विधिको शासन, लोककल्याणकारी राज्य व्यवस्था, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता नागरिकका आधारभूक्त आवश्यकतामा राज्यलाई जिम्मेवार युवाहरूले दबाब दिनैपर्छ ।

युवाले मौका पाए चाँडै मुलुक परिवर्तन गर्न सक्छन् भन्ने माथिको तथ्यलाई बुझेर मुलुकको समृद्धिका लागि राज्यको नीति निर्माण र नेतृत्व तहमा युवाको समान एवं सार्थक सहभागिता आजको आवश्यकता हो । आगामी चुनावमा सक्षम र युवा ब्यक्तिलाई जिताउनु समयको आवश्यकता हो । युवाले चाहेको, रोजेको र खोजेको परिवर्तन पनि यही हो ।

*-साभार: खबरहब*

# काठमाडौंलाई फोहोरबाट क्रमिक मुक्ति कसरी ?



इ. शशीबहादुर थापा

आजकल काठमाडौंका बच्चादेखि बूढामात्र होइन विदेशी आगन्तुकसमेतबाट काठमाडौं फोहोरको दलदलमा फसेको टिप्पणी हुनेगरेको छ । यो दिनप्रतिदिन बढदै जाने समस्या हो । मुख्यत: समस्याको पहिचान समयमा नगर्दा यसले विकरालरूप लिएको हो । काठमाडौंका जनताले बडो विचार गरेर बालेन शाहलाई महानगर प्रमुख (मेयर) पदमा विजय गराए । त्यो काठमाडौंका जनताको चाहना थियो । पदभार समाालेदेखि नै उहाँ फोहोरको समस्या समाधान गर्न लाग्नुभएको छ र यो उहाँको प्राथमिकतामा पनि परेको छ । फोहोरको थुप्रो देखिनु एक दिनको समस्या भने होइन । यो त महिनौंदेखि थुप्रिएको फोहोरको थुप्रो हो । उहाँको मनमा काठमाडौं-पाटनको फोहोर सिसडोल-बञ्चरे डाँडामा लगेर राख्न फयाक्न पाइन्छ भन्ने रहेछ । साथै उहाँको मित्र वा कार्यालयका साथीहरूले 'ल्यान्डफिल'को समस्याले नै काठमाडौंमा फोहोर थुप्रिएको हो भनेको र त्यसलाई शाहले विश्वास गरेजस्तो देखियो । सरसरी हेर्ने हो भने त्यो विचार पनि ठीकै हो । तर, काठमाडौं पाटनबाट दैनिक उत्पादन हुने फोहोरलाई उहाँ र उहाँका सहकर्मी साथीहरूले राम्रो चिन्न सक्नुपर्छ ।

फोहोर व्यवस्थापनको मूल कडी भनेको उत्पादित फोहोरको सही पहिचान हो । त्यसपछि फोहोरसम्बन्धी अरू कुराहरू तपसिलमा आउँछन् । काठमाडौं पाटनको फोहोरमा तलदेखि माथिसम्म राजनीतिको खेल्ने क्षेत्र बनाएको हो भने मैले बुझ्न सकिन । यस बेला नगर प्रमुख शाहले एकचोटी पछाडी फर्किएर हेर्ने हो । के काठमाडौंमा ल्यान्डफिल साइटमा फोहोर राख्ने समस्या पहिले थिएन र ? सो समय के कसरी फोहोर उठाउने र व्यवस्थापन कार्य गरियो ? ल्यान्डफिल साइट गोकर्ण, नागदहको बेलामा बेलाबेला आउने समस्या कसरी हल गरियो ? आदिबारे जान्नुपर्ने हो । वा साथीहरूले जानकारी गराउनु पर्नेथियो । सायद उहाँ नयाँ भएकोले त्यसबेलाको फोहोरको समस्या पुरानो भएको होला । समस्या हल गर्ने उपाय राम्रो हुन्छ भने नयाँ वा पुरानो भनेर छुट्याउनु हुँदैन । पंक्तिकारले २०३८-२०३९ सालदेखि २०४६-२०४७ सालसम्म फोहोर मैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्रको प्रमुख भएर काम गरेको थिएँ । सो अवधिमा ठूलासाना धेरै समस्या आएको थिए । तिनलाई एक समूहको भावनामा र स्थानीयको सहयोगमा गोकर्ण ल्यान्डफिल साइटको समस्या समाधान गरिन्थ्यो ।

अब प्रस्तुत समस्याको समाधान गर्नेतर्फ अग्रसर होऊँ । मेरो सानो विचार, अनुभव, छिमेकी देशहरूले बेलाबेलामा अपनाएका सिद्धान्त आदिका आधारमा म केही चर्चा गर्दैछु । अहिलेको फोहोरको समस्या समाधान गर्न गराउन निम्न मुख्य कामतर्फ लाग्नुपर्छ-

१. यो समस्यालाई पहिलो प्राथमिकता दिएर संकट व्यवस्थापन रणनीतिको माध्यमबाट फोहोर तह लगाउने । जस्तै: टेकुलाई एक ट्रान्सफर स्टेसनको रूपमा खडा गरेर अधिकतम फोहोरलाई तह लगाउने । यसमा जति पनि फोहोर उठे वा उठाएर ल्याइन्छ लामो लामा थुप्रा (विन्ड्रो)हरू बनाएर फोहोर तह लगाउने । त्यहाँ भएका सबै साधन मालसामान अन्य ठाउँमा लगेर राख्ने । केही दिन वा साता टेकु ट्रान्सफर क्षेत्रलाई अस्थायी ल्याण्डफिल साइट बनाउने । त्यस क्षेत्रको वरिपरि जस्तापाताबाट ३० फिट अग्लो पर्खालजस्तो बनाएर घेर्ने र सो क्षेत्रलाई सफा सुग्घर राख्ने । ती थुप्राहरू (विड्रो)लाई अहिलेको समय २१ दिनमा फोहोर पल्टाउने र मल तयार गर्ने वा त्यो माटो भए पनि अन्य क्षेत्रमा प्रयोग गर्ने वा दिने व्यवस्था मिलाउने । पछि ठाउँको अभाव भएमा ललितपुर महानगरपालिका क्षेत्र रहेको मल पोखरीको दक्षिणपट्टि क्षेत्रमा व्यवस्थित तरिका एरोबिक वा एनेरोबिकबाट लामोलामो खाल्डो खनेर फोहोर राखौं र त्यस क्षेत्रलाई पूरै वरिपरि जस्तापाताबाट घेरेर राखौं । हामी झन्डै काठमाडौं-पाटनको तीनचार महिनाको फोहोर उठाएर राख्न सक्छौं । यसमा सबैको सहयोग चाहिन्छ ।

यस्तो खालका ठाउँ काठमाडौं-पाटन केही स्थानलाई यस घडीमा प्रयोग गरौं । फोहोरमा रहेको पुन: प्रयोग वस्तु छनौट कार्यलाई पूरा प्राथमिकताको साथ सो कार्य अगाडि बढाऊँ जसले फोहोरको मात्रामा झन्डै १५, २० प्रतिशत कमी ल्याउँछ । उक्त छनोट गरिएको वस्तुलाई पछि स्रोतका रूपमा परिचालन गरूँ । अहिले काठमाडौं-पाटनको भू-बनोट, बाटो र बस्तीलाई मनन गरेर पुरानो बाक्लो क्षेत्रमा हरेक परिवारले आफ्नो घरको फोहोर तीनदेखि चार दिन घरमै राख्ने, अलि खुल्ला क्षेत्र छरिएर भएको बस्तीमा ५ देखि ७ दिन घरमा फोहोर राख्न लगाउने र जसको घर कम्पाण्ड छ त्यहाँ आफ्नै जग्गामा खाल्डोमा फोहोर राख्न लगाउने ।

यसो गर्न लगाएपछि सो क्षेत्रमा फोहोर संकलनको समय र दिन तोकी साधन पठाउने र सो फोहोर टेकुमा ल्याई माथि उल्लेख भएका विधि अपनाउने । ठूला ठूला कार्यालयहरूले हाललाई आफ्नै क्षेत्रमा मिलेर फोहोर खाल्डोमा राखेर पुर्ने व्यवस्था गर्ने । हाल निजी क्षेत्रबाट जुन तरिकाले फोहोर टोलटोलमा उठाउने कार्य गरिएको छ त्यसलाई सात दिन सट्टा दस दिनमा फोहोर उठाउने व्यवस्था गराउने । निजी क्षेत्रलाई झन् प्रोत्साहित गरेर र सहयोग दिएर कार्य क्षेत्र बढाउन लगाउने । हाल निजी क्षेत्र गरेको कार्य सन्तोषजनक छ र सो क्षेत्र अन्य ठाउँभन्दा सफा देखिन्छ । घरघरमा फोहोरलाई अलग छुट्टाउन प्रोत्साहित गरौं । माथि उल्लेख भएको ठाउँहरू फोहोर उठ्न बाँकी छ भने पुन: नगरपालिकाले त्यस्तो ठाउँमा फोहोर संकलन गर्न पठाउने । अस्पतालका फोहोर, निर्माणजन्य फोहोर, आफूआफूले नै व्यवस्थापन गर्नुपर्ने आदेश गर्ने । मरेका जनावरलाई वातावरण दूषित नहुने गरी विसर्जन गर्ने । ठाउँठाउँमा फोहोरको थुप्रो भएको ठाउँमा फोहोरको झोल (कालो तरल पदार्थ) देखा परेका छन् । सो झोललाई लिचेट भनिन्छ जुन स्वास्थ्य र वातावरणको लागि हानिकारक हुन्छ । हाललाई जुन ठाउँमा फोहोर सार्वजनिक रूपमा राखिन्छ नगरपालिकाले प्रदान गर्ने सेवा क्षेत्र होस वा निजी क्षेत्रले फोहोर उठाउने क्षेत्र त्यसको पूरा पहिचान गरी समय हेरेर ४.५ क्यू मिटर वा ५.५ क्यू मिटरको कन्टेनरहरू राख्ने व्यवस्था हाललाई गर्न सके पनि ९० प्रतिशत लिचेट समस्या हल हुनेछ । सो कन्टेनर राख्ने क्षेत्र कहिले र कुन समयमा उठाउने भन्ने बारे नगरबासीलाई नगरपालिका जानकारी दिनुपर्छ । कन्टेनर राखेको ठाउँ वा यसको वरिपरि चुन वा कुनै औषधि छर्नु राम्रो हुन्छ । यस्तो अवस्थामा महानगरपालिकालाई सरकारदेखि सबै सरोकारवाला व्यक्ति वा समुदायले सहयोग गर्न सक्नु पर्यो र माथि उल्लेख काम गर्दा कोही कसैलाई बाधा अडचन हुन्छ भने केही समयको लागि सहनु पर्यो ।

२. दोस्रो कदम सिसडोल-बञ्चरे डाँडाका स्थानीय जनतासँग बाचा गरेका कुरा सही तरिकाले मान्नुपर्यो र यसमा सरकारले प्रत्यक्ष सहयोग गर्नुपर्यो । त्यहाँ स्थानीय जनतासँग सम्झौता भएपछि वा सम्झौताअनुसार ल्यान्डफिल साइटको मापदण्ड र अक्षरसहित पालना गर्नुपर्छ । हाम्रो फोहोरमा जैविक फोहोरको मात्रा झन्डै ६५ प्रतिशतभन्दा बढी भएकोले टेकु ट्रान्सफर क्षेत्रका हाललाई ५० टन क्षमता भएको दुईवटा कम्पोस्ट प्लान्ट निर्माण कार्य थालनी गरौं जसबाट हामी झन्डै १०० टन प्रागारिक मल उत्पादन गर्न सुरू गर्न सक्छौं । यसलाई पछि गएर २०० टन प्रांगारिक मल उत्पादन गर्न सकिन्छ । अहिले हामीले १०० टन मल उत्पादन कार्य एक वर्षको अवधि लगाएर प्रांगारिक मल कारखाना तयार गर्यौं भने झन्डै ५० ट्रिप ४ क्युबिकमिटर क्षमताको गाडीले बोक्नुपर्ने जति फोहोर सिसडोल-बञ्चरेडाँडा पठाउनु पर्दैन ।

३. तेस्रो काम : काठमाडौं-पाटनबाट उत्पादित फोहोरलाई राम्रोसँग पहिचान गरौं । फोहोर पहिचान गर्दा फोहोरको भौतिक, रासायनिक, जैविक र भूउपयोग तथा वातावरणीय पक्षलाई विचार गरेर विभिन्न विषयका विज्ञहरूसँग सरसल्लाह, सहयोग लिएर काम गरौं । फोहोर सुरूमा कहाँ कसरी राख्ने ? घरघरमा, घरबाट आएको फोहोर के कसरी संकलन गर्ने ? संकलित फोहोरलाई के, कसरी, कहाँ लग्ने ? स्थानान्तरण स्थान (ट्रान्सफर स्टेसन)को सही उपयोग गरौं ।

-बाँकी ३ पेजमा...

# धेरै झुट आयो, अब सत्य सार्वजनिक गर्छु : रोनाल्डो

काठमाडौं/ म्यानचेष्टर युनाइटेडका फरवार्ड क्रिस्टियानो रोनाल्डोले आफ्नो विषयमा धेरै झुटा समाचार पढेपछि भविष्यको बारेमा सत्य सार्वजनिक गर्ने बताएका छन् ।

पोर्चुगलका ३७ वर्षीय स्टारले युनाइटेड छाड्न चाहे पनि नयाँ प्रशिक्षक एरिक टेन हागले रोनाल्डो बिक्रीका लागि नरहेको बताएका थिए । तर पछिल्लो घटनाक्रमपछि युनाइटेडले रोनाल्डोलाई १ सेप्टेम्वरमा ट्रान्सफर विन्डो बन्द हुनुअघि नै क्लब छाड्न दिन सक्ने बीबीसीले जनाएको छ ।

तर रोनाल्डोले केही दिनपछि आफ्नो अन्तर्वाताबाट उनीहरुले सत्य थाहा पाउने बताएका छन् । 'उनीहरुले केही हप्तापछि अन्तर्वार्ताबाट सत्य थाहा पाउनेछन्,' रोनाल्डोले इन्स्टाग्राममा लेखेका छन्, 'मिडियाले झुटो बताइरहेका छन् । म सँग पछिल्ला एक सय समाचार नोटबुकमा छन् जसमा पाँच वटा मात्र सही छन् । सोच्नुस यो कस्तो होला ।'

एट्लेटिको मड्रिडका प्रशिक्षक डिएगो सिमिओनीले उनलाई अनुबन्ध गर्न इच्छुक रहेको भन्ने एक समर्थकको पोष्टमा लाइक गर्दै रोनाल्डोले कमेन्ट गरेका हुन् । रोनाल्डोका पूर्व टिममेट ग्यारी नेभिलले विश्वकै उत्कृष्ट खेलाडीलाई सत्य भन्न किन दुई साता कुर्नुपर्ने भनेर प्रश्न गरेका छन् । युनाइटेडमा रोनाल्डोको अझै एक वर्ष सम्झौता बाँकी छ । उनी एक वर्षअघि युभेन्ट्सबाट युनाइटेड पुगेका थिए । रोनाल्डोलाई अनुबन्ध गरेपनि युनाइटेड प्रिमियर लिगको शीर्ष चारमा रहन सकेन र च्याम्पियन्स लिगमा छनोट हुन सकेन । यस सिजन युनाइटेड लिगको सुरुवाती दुई खेलमा पराजित भइसकेको छ ।




- एजेन्सीको सहयोगमा

## अनामिका...

अनुमितबीना सञ्चालन भएको पाइएपछि अल्फा डेन्टललाई ५ हजार रुपैयाँ जरिवाना, ईटीसी जनरल सप्लायर्सलाई प्रशासनले १५ हजार र यू एण्ड अई सु-सेन्टरलाई १० हजार रुपैयाँ जरिवाना तिराइएको थियो । शिवशक्ति सप्लायर्स, हेटौंडाको १ सय १२ बोरा चामल अर्को आदेश नभएसम्मका लागि बिक्री वितरणमा रोक लगाइएको थियो ।

हेटौंडा बजारका अधिकांश व्यवसाय अनुमित बिना सञ्चालन भएका, उत्पादनका लागि अनुमति नै नलिई उत्पादन भएका, अखाद्य पदार्थ हालेर खानेकुरा बिक्री वितरण भइरहेको व्यापक गुनासो आउने गरेको छ । तर, यसअघि बजारमा नियमित अनुगमन नहुँदा अवैध कार्य गर्न व्यवसायीहरु अगाडि सर्ने गरेको पाइन्छ ।

## काठमाडौंलाई..

सुरूदेखि नै फोहोरमा भएको काम लाग्ने वस्तुलाई छनोट गर्ने कार्य व्यापक बनाऊँ, जैविक फोहोरबाट प्रांगारिक मल उत्पादन गराऊँ, सो मल कृषि, वागवानी, पार्क, बगैचामा प्रयोग गरौँ र यसको प्रयोगको लागि सरकारबाट सहुलियत दिनुपर्छ र यसले कृषि जमिनको माटो राम्रो बनाउनेछ ।

बाँकी हुन आएको फोहोर झन्डै कुल उत्पादित फोहोरमा १५-२० प्रतिशत फोहोर जसमा ढुंगा, ईंट्टाका टुक्रा, माटो, बालुवा, काठका टुक्रा आदि जुन वातावरण दूषित नहुने फोहोरलाई सिसडोल-बन्चरे डाँडामा पठाऊँ । त्यसले गर्दा जनगुनासो आउँदैन र ल्यान्डफिल साइटको वातावरण राम्रो हुने र त्यसको क्षमता पनि दोब्बर हुनेछ ।

स्थानीय सरकार, सरोकार समुदायको प्रत्यक्षमा सहभागिता ल्यान्डफिल साइटको रेखदेख अनुगमन कार्य गर्नु गराउनुपर्छ । विकसित देशमा पनि सो अनुसार काम भएका छन् । काठमाडौं-पाटन नगर सफा राख्न अर्को मुख्य कार्य भनेको उत्पादित फोहोरलाई सुरूदेखि अन्तिम विसर्जन गर्ने ल्यान्डफिल साइटसम्म गर्ने कार्य ज्यादै नै जटिल भएको हुँदा कुन कुन ठाउँ ? कुन बाटो ? कुन फोहोरको भाँडो कहाँ लग्ने ? कति फोहोर भरिएको भाँडा कहिले उठाउने ? कुन कुन ठाउँमा घर दैलो फोहोर उठाउने ?

-साभार: बाह्रखरी

# युक्रेन-रसिया युद्धले खोस्यो फिनल्याण्डवासीको खुसी

हेल्सिन्की, १ भदौ (रासस)/ युक्रेन-रसिया युद्धका कारण विश्वका अधिकांश मुलुक मूल्यवृद्धिको मारमा छन् । शिक्षा र रोजगारीका अवसरमा युरोपका विभिन्न मुलुकमा पुगेका नेपालीलाई पनि मूल्यवृद्धिले दु:ख दिएको छ । विगत लामो समयदेखि हेल्सिन्की बस्दै आएका नेपालीले युक्रेन-रसिया युद्धका कारण यहाँको दैनिक जीवनमा नराम्रो असर परेको बताएका छन् । फिनल्याण्डमै जन्मिएर विभिन्न स्थानमा रेष्टुरेन्ट सञ्चालन गर्दै आएका २९ वर्षीय अरुण शर्माले फिनल्याण्डका नागरिकसहित नेपाली पनि मूल्यवृद्धिको मारमा परेको बताए ।



सामाजिक सुरक्षा राम्रो भए पनि झण्डै दोब्बर भएको मूल्यवृद्धिले हरेकलाई दु:ख दिएको छ । शर्माको परिवार विगत ४० वर्षदेखि फिनल्याण्डमै छ । युएनडिपीको 'वर्ल्ड ह्याप्पीनेस इन्डेक्स'का अनुसार फिनिस नागरिक विश्वका अन्य देशका नागरिकभन्दा खुसी छन् । तर युद्धकै कारण अवस्था फेरिँदै गएको छ । जग्गा र घर खरिद गर्नेभन्दा आर्जन गरेको रकम रेस्टुरेन्ट तथा होटलमा गएर खर्च गर्ने, विभिन्न खेलमा रमाउने संस्कार भएका फिनिस नागरिकको दैनिकीमा परिवर्तन आएको छ । उनीहरूले खर्च कम गर्न थालेका छन् । घुम्ने र रमाउने बानी परेका फिनिस नागरिक बचतमा लागेका छन् । युद्धका नकारात्मक समाचार आउन थालेपछि झन् उनीहरू पहिलेजस्तो रमाउन पनि छाडेका छन् । युद्धका कारण सामाजिक एवं आर्थिक समस्या निम्तिएकाले उनीहरूको संस्कारमा समेत परिवर्तन आउन थालेको देखिएको हो ।

हेल्सिन्कीको 'डाउन टाउन'स्थित माउन्ट एभरेष्टमा काम गर्दै आएका शर्माले भने, "यहाँका नागरिकले पनि पैसा खर्च गर्न छोडे, बचतमा लागेका छन् ।" उनका अनुसार दैनिक उपभोग्य वस्तुमा उच्च मूल्यवृद्धि भएका कारण उनीहरू खर्च कटौती गर्दैछन् । सोही कारण फिनिस अर्थतन्त्रमा नै समस्या देखिन थालेको पाइएको छ । यहाँको आन्तरिक र बाहय व्यापारका धेरै असर देखिएको छ । पेट्रोलियम पदार्थको मूल्य दोब्बर भएको छ । ग्यास बिक्री गर्ने कम्पनीले पहिले रुसबाट ग्यास ल्याएर बिक्री गर्दै आएकामा अहिले त्यहाँबाट ग्यास नआएपछि अन्य क्षेत्रबाट आएको ग्यास महङ्गो मूल्यमा बिक्री गरिहेका छन् ।

हेल्सिन्कीको वर्तमान वास्ताविक तथ्य प्रस्तुत गर्दै अरुण शर्माले भने, "यही २०२२ फेब्रेवरी २४ देखि मूल्यवृद्धि उच्च भएको छ । यस अवधिमा यहाँ नौ दशमलब पाँच प्रतिशतको मूल्यवृद्धि छ ।" त्यसैगरी पर्यटक आउने सङ्ख्या ह्वात्तै घटेको छ । विगत सात वर्षदेखि हेल्सिन्की बस्दै आएका सागर खरेलले धेरै खर्च गर्ने रुसी पर्यटक फिनल्याण्ड आउन छोडेको बताए ।


महँगीले फिनल्याण्डका सबै क्षेत्रलाई असर गरेको उल्लेख गर्दै उनले भने, "दैनिक उपभोग्य वस्तु महँगो भएको छ । तलब बढेको छैन । पहिले थोरै पैसाले धेरै पाइन्थ्यो भने अहिले त्यस्तो छैन ।" खरेलका अनुसार यहाँको पैसा सस्तो हुँदै गएको छ । युरो र डलर लगभग एउटै छ । पहिला त्यस्तो थिएन ।

विगत १० वर्षदेखि हेल्सिन्की बस्दै आएका मुरारी भण्डारीका अनुसार फिनल्याण्ड र रसियाबीचमा जनस्तरको सम्बन्ध छ । त्यसैले युरोपका अन्य मुलुकभन्दा फिनल्याण्डमा धेरै असर परेको छ । उनले भने, "फिनल्याण्ड र रसियाको सम्बन्ध भनेको नेपाल र भारतको जस्तै हो । सबै क्षेत्रमा असर परेको छ । रसियाबाट पर्यटक आउने गर्थे तर अहिले त्यस्तो छैन ।" त्यसैगरी फिनल्याण्ड विगत ४० वर्षदेखि बस्दै आएका भक्तिराम भण्डारीले पनि मूल्यवृद्धिका कारण देशमा असर परेको बताए । उनले भने, "दैनिक उपभोग गर्ने सामग्री खरिद गर्न मुस्किल भएको छ, पेट्रोलको मूल्य बढेको छ । पहिला प्रतिलिटर एक युरो ३० सेन्टमा पाइने पेट्रोल अहिले दुई युरो १० सेन्ट पुगेको छ । एक महिना पहिला त झण्डै प्रतिलिटर तीन युरोसम्म पुग्यो । यहाँका लागि यो अत्यधिक हो ।"

यहाँका नागरिकले मात्र होइन सरकारले पनि मूल्यवृद्धिको सकस भोग्नु परेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल र फिनल्याण्डका विकास सहायता तथा अन्तरराष्ट्रिय व्यापार मन्त्री झिलले स्किन्नरी बीच मङ्गलबार यहाँ भएको भेटवार्ताका क्रममा पनि मूल्यवृद्धिको विषय प्रवेश पाएको थियो । स्किन्नरीले युक्रेन र रुस युद्धका कारण फिनल्याण्डले खाद्यान्न र पेट्रोलियम पदार्थको मूल्य उच्च भएर र त्यसले यहाँको सामाजिक एवं आर्थिक समस्या निम्त्याएको बताए ।

फिनिस नेपाली समाजका सचिव नवीन भट्टराईका अनुसार फिनल्याण्डमा पाँच हजारभन्दा बढी नेपाली बस्दै आएका छन् । सबैभन्दा बढी हेल्सिन्कीमा छन् । यहाँका नेपालीलाई बेरोजगार बस्न त परेको छैन तर पछिल्लो समय मूल्यवृद्धिको समस्याले भने सताएको छ ।

## नेपाल र बेलायतबीच श्रम समझदारीमा हस्ताक्षर हुने



काठमाडौं, १ भदौ (रासस)/ नेपाल र बेलायतबीच आगामी सोमबार बेलायतमा स्वास्थ्य जनशक्ति पठाउनेसम्बन्धी श्रम समझदारी पत्रमा हस्ताक्षर हुने भएको छ ।

समझदारी पत्रमा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याल र बेलायतका तर्फबाट नेपालस्थित बेलायती राजदूत निकोला पोलिटले हस्ताक्षर गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

गत जेठ ३१ गतेको मन्त्रिपरिषद् बैठकले नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउनेसम्बन्धी श्रम समझदारीपत्र स्वीकृत गरेको थियो ।

## बन्दीलाई कारागारभित्रै अस्पतालको व्यवस्थापन गरिने

काठमाडौं, १ भदौ (रासस)/ कारागारभित्र बन्दीका लागि उपचारका लागि छुट्टै अस्पताल वा स्वास्थ्यचौकीको व्यवस्थापन गरिने भएको छ । कारागारसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमा कारागारमा बन्दीजीवन विताइरहेकालाई उपचार गर्न भित्रै छुट्टै अस्पताल वा स्वास्थ्य चौकी स्थापना गर्न भनिएको छ ।



विधेयकमा पाँच सय बढी बन्दी रहने प्रत्येक कारागारामा तोकिए बमोजिम शय्या रहेको एउटा अस्पताल र सोभन्दा कम बन्दी रहने कारागारमा एउटा स्वास्थ्यचौकीको व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकमाथि संशोधन गर्दै कारागार भित्रका सबै बन्दीलाई चिकित्सकद्वारा कम्तीमा दुई महिनामा एक-पटक नियमित र आवश्यकता अनुसार नि:शुल्क स्वास्थ्यपरीक्षण र उपचारको व्यवस्था गर्नुपर्ने छ । यस्तै बन्दीले नियमितरुपमा सेवन गर्ने औषधि कारागार कार्यालयले उपलब्ध गराउनुपर्ने, कारागार प्रशासकले बन्दीको प्रजनन् अधिकार संरक्षण गर्ने प्रयोजनको लागि तोकिए बमोजिम गराउनुपर्ने, एउटै कारागारका पुरुष र महिला बन्दी वा कारागारमा रहेको बन्दीसँग कारागारमा नरहेको पुरुष वा महिलाले विवाह गर्ने चाहेमा विवाह दर्ताका लागि कारागार प्रशासक समक्ष निवेदन दिनुपर्ने र विवाह दर्ता गर्न अनुमति दिनुपर्ने उल्लेख छ ।

यस्तै विधेयकमा कारागार प्रशासकले तोकिएकोभन्दा बढी बन्दी रहेमा आवश्यकता अनुसार आधारभूत, माध्यमिक, खुला वा दूर शिक्षाको लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने, निरक्षरलाई प्रौढ, अनौपचारिक शिक्षा वा त्यस्तै अन्य प्रकृतिको पठनपाठनको लागि आवश्यक प्रबन्ध मिलाउनुपर्ने उल्लेख छ ।

विधेयक राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा दफावार छलफल भइरहेको छ । बुधबार समितिका ज्येष्ठ सदस्य नारायणदत्त मिश्रको सभापतित्वमा भएको छलफलमा विभिन्न संशोधनका बुँदा समिति सदस्यले राखेको समितिका उपसचिव नुमराज खनालले जानकारी दिए । आज पनि विधेयकमा दफावार छलफल हुने छ ।

## बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ



काठमाडौं, १ भदौ (रासस)/ उच्च अदालत पाटनबाट बैंकिङ कसुर मुद्दामा आठ दिन कैद र ४२ लाख जरिवाना तोकिएका निरज बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनले २०७७ पुस १९ गते बुढाथोकीलाई बैंकिङ कसुर तथा सजाय ऐन २०६४ बमोजिम आठ दिन कैद र ४२ लाख जरिवानाको फैसला गरेको थियो । हालसम्म फरार भएका रेग्मीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जको टोलीले मंगलबार काठमाडौंको कोटेश्वरबाट पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

रामेछापको मन्थली नगरपालिका-७ घर भई हाल काठमाडौं- १० बस्ने ३९ वर्षीय बुढाथोकीले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको जानी-जानी झुक्यानमा पारी पीडितलाई सेन्चुरी बैंकको चेक दिएका थिए । फैसला कार्यान्वयनका लागि बुढाथोकीलाई तत्कालै सम्मानित जिल्ला अदालत काठमाडौंमा पेस गरिने ब्यूरोका प्रहरी उपरीक्षक कमल थापाले बताए ।

## विद्यालय कर्मचारी आन्दोलनमा




भक्तपुर, १ भदौ (रासस)/ नेपाल विद्यालय कर्मचारी परिषद्ले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमीमा बुधबार धर्ना दिएको छ । सरकार र नेपाल शिक्षक महासंघबीच भएको सम्झौता कार्यान्वयन गर्न माग गर्दै उनीहरूले धर्ना दिएका हुन् ।

सरकारले विद्यालय कर्मचारीलाई विभेद गरेको र आफैले गरेको सहमति पालना नगरेका कारण काठमाडौं केन्द्रीत आन्दोलनमा उत्रिनु परेको नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गा तिवारीले बताए ।

सरकारसँग भएको सहमति कार्यान्वयन गर्न पटक-पटक माग गर्दा पनि सुनुवाइ नभएको भन्दै उनले सर्वोच्च अदालतले दिएको निर्देशन कार्यान्वयन गर्नुपर्ने, सरकार र महासंघबीच भएको सम्झौता कार्यान्वयन गर्नुपर्ने, तत्काल पूर्ण सेवा सुविधाको ग्यारेन्टी गर्नुपर्ने, विद्यालय कर्मचारी सहायक लेखापालको तलब ३६ हजार ७३० र विद्यालय सहयोगीको तलब २६ हजार २१० कायम गरिनुपर्ने माग राखेको बताए ।

त्यस्तै आर्थिक वर्ष २०७९/८० मा सरकारले वृद्धि गरेको १५ प्रतिशत तलब वृद्धि विद्यालय कर्मचारीको हकमा पनि लागू हुनुपर्ने, निजामती कर्मचारी तथा शिक्षकलाई दिइरहेको महँगी भत्ता दुई हजार उपलब्ध गराउनुपर्ने, विद्यालय कर्मचारीको कोटालाई तहगत दर बन्दीमा परीणत गरिनुपर्ने र विद्यालयमा ६० वर्षसम्म कार्यरत रहेर अवकाश भएका कर्मचारीलाई तहगत रूपमा निजामती कर्मचारीले पाए सरहको सेवा सुविधा दिनुपर्ने लगायतको माग राखेर उनीहरूले धर्ना दिएका हुन् ।

अध्यक्ष तिवारीले बुधबार शिक्षा तथा मानव विकास स्रोत केन्द्र अगाडि दिनभर धर्ना दिने र आजदेखि केन्द्रमा तालाबन्दी गरी अनिश्चितकालीन धर्नामा बस्ने जानकारी दिएका छन् ।

## सालकको खपटासहित एकजना पक्राउ



काठमाडौं, १ भदौ (रासस)/ प्रहरीले सालकको खपटासहित एकजनालाई पक्राउ गरेको छ । प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले काठमाडौं महानगरपालिका-२६ कपुरधाराबाट दुई किलोग्राम सालकको खपटासहित धादिङको धुनिबेँसी नगरपालिका-७ का २३ वर्षीय विजय तामाङलाई मंगलबार पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशकुमार मैनालीका अनुसार झोलामा सालकको खपटा बोकेर बिक्रीवितरण गर्न हिँडेको अवस्थामा तामाङ पक्राउ परेका हुन् ।

प्रहरीले तामाङलाई कपुरधाराको प्रतीक्षालयबाट पक्राउ गरेको हो । पप्रहरीले थप अनुसन्धान अघि बढाएको छ ।

## विद्युत् महसुल ३० करोड संकलन

वीरगञ्ज, १ भदौ (रासस)/ नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रले आर्थिक वर्ष २०७८/७९ मा ३० करोड १६ लाख विद्युत् महसुल संकलन गरेको छ । गत आवमा उक्त केन्द्रअन्तर्गत चार करोड ७२ लाख ७८ हजार ४१२ युनिट विद्युत् उपलब्ध भएकामा तीन करोड ५८ लाख ८७ हजार पाँच सय ६० युनिट विद्युत्को महसुल संकलन गरेको केन्द्रले जनाएको छ ।




जिल्लाका १४ स्थानीय तह छन् । पर्सागढी नगरपालिका-५, ६ र ७ बाहेक अन्य सबैमा पोखरिया प्राधिकरणले आफ्नो सेवा प्रवाह गरिरहेको छ । पोखरिया वितरण केन्द्रबाट सेवा लिने कूल सेवाग्राहीको संख्या ३८ हजार रहेको छ । केद्रका अनुसार आव २०७७/७८ मा २८.०४ प्रतिशत विद्युत् चुहावट भएको थियो भने आव २०७८/७९ मा २४.०९ प्रतिशत चुहावट भएको थियो । गत आवमा विद्युत् चुहावट गर्ने ४९० सेवाग्राहीलाई कारबाही गरिएको छ । उनीहरूले दुई लाख ६० हजार ३९४ युनिट विद्युत् चुहावट गरेका थिए । उनीहरूबाट ५२ लाख ३६ हजार असुल गरिएको केन्द्रले जनाएको छ । अघिल्लो आवभन्दा गत आवमा विद्युत् चुहावट ३.९५ प्रतिशतले कमि आएको छ । नौ सय ४७ सेवाग्राहीको नौ करोड पाँच लाख ५० हजार बक्यौता रहेकामा पाँच सय ४३ सेवाग्राहीबाट तीन करोड चार लाख ९७ हजार असूल गरिएको छ । प्राधिकरणको कालोसूचीमा रहेको कूल सेवाग्राहीको संख्या ४४७ रहेको छ । आव २०७८/७९ मा पोखरिया विद्युत् प्राधिकरणले विभिन्न उपकरणको मर्मत सम्भारमा ३७ लाख ५० हजार खर्च गरेको छ ।

नेपाल विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्रले आव २०७८/७९ मा ३०१ बन्द रहेका मिटर नयाँ जडान गरेको छ भने छ हजार तीन सय ४८ मिटर पुन: शिलबन्दी गरेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा दैनिक १ करोड ८२ लाख लिटर खानेपानी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले नगरभित्र खानेपानी वितरणमा सफल भएको दावी गरेको छ । बोर्डले आर्थिक वर्ष २०७८/७९ को आर्थिक अवस्था र आर्थिक वर्ष २०७९/८० को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै खानेपानी वितरणमा उल्लेख्य काम भएको दावी गरेको हो ।

बोर्डले नगरभित्र दैनिक १ करोड ८२ लाख लिटर खानेपानी वितरण गर्दै आएको जनाएको छ । देशका अन्य सहरमा जस्तो हेटौंडामा भने खानेपानीको समस्या छैन् । बोर्डले हेटौंडामा तीव्र बढ्दै गएको जनघनत्वका कारण खानेपानी वितरणमा चुनौती भने थपिएको छ ।

बोर्डले खानेपानी चुहावट रोक्न भने असफल भएको छ । बोर्डको आर्थिक अवस्था र नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै बार्डका सदस्य इन्द्र नेपालले १२ प्रतिशत खानेपानी चुहावट हुने गरेको जानकारी दिएका छन् । यसअघि पनि खानेपानी चुहावट हुने गरेको थियो ।



बोर्डले आर्थिक वर्ष २०७८/७९ आयतर्फ पानी महशुल, जरिवाना, नयाँ धारा जडान, पानी परीक्षण शुल्क, बैंक ब्याज, हेटौंडा उपमहानगरसंगको साझेदारीबाट प्राप्त भएको र अन्य निकाय संघ संस्थाबाट आएको र गत वर्षको राजस्व मौज्दात समेत गरेर १ अर्ब ६ करोड ४४ लाख २५ हजार ७१२ रुपैया संकलन भएको जनाएको छ । बोर्डमा आबद्ध २२ हजार २ सय १४ धारा रहेको र खानेपानी बाट मासिक ९० लाख ४० हजार महशुल संकलन हुने गरेको सदस्य नेपालले बताए । बोर्डले हेटौंडामा दैनिक ७ देखि ८ घण्टा खानेपानी वितरण गर्दै आएको उनको भनाई छ ।

बोर्डले कार्यालय संचालन खर्च ४ करोड ७० लाख ४९ हजार ४२ रुपैयाँ, सेवा संचालन खर्च तर्फ २ करोड ९२ लाख ६४ हजार ८ सय २५ रुपैयाँ खर्च गरेको जानकारी दिएको छ । आगामी वर्ष भीमफेदीस्थित कुलेखानी-भैंसे खोलाको पानी शुद्धिकरण गरेर नगरभित्र वितरण गर्ने योजना रहेको बोर्डका अध्यक्ष प्रताप विष्टले जानकारी दिए । विष्टको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यता थियो । लामाले हेटौंडाको सबै वडाहरुको टोल गाउँहरुलाई बोर्डमा सहभागी गराएर शुद्ध खानेपानी वितरण गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । उपमहानगरले बोर्डमा आबद्धहरुलाई मासिक १० हजार लिटर खानेपनी निःशुल्क वितरण गर्न सुरु भएको बताइन् । नगरबासीको हितका लागि आफूले भरपुर काम गर्ने लामाको भनाई छ ।

कार्यक्रममा उपमहानगरका उपप्रमुख राजेश बाँनिया, हेटौंडा-१ का वडाध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपाने, २ नम्बर वडाका वडाध्यक्ष विष्णुगेपाल महर्जन, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, बोर्डका कार्याकारी निर्देशक सुदर्शन ढकाललगायतको आतिथ्यता थियो ।

# प्रदेश प्रमुख शर्माद्वारा दुईवटा अध्यादेश जारी

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले दुईवटा अध्यादेश जारी गरेका छन् ।

प्रदेश प्रमुख शर्माले नेपालको संविधानको धारा, २०२ को उपधारा, १ बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद् कार्यालयबाट सिफारिस भई आएका अध्यादेश जारी गरेका हुन् । उनले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवा सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ र स्थानीय तहको सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ जारी गरेका छन् ।



प्रदेश मन्त्रिपरिषद्को २४ साउन २०७९ मा बसेको बैठकको सिफारिशमा अध्यादेश जारी गरेको थियो । प्रदेश सरकारले लामो समयदेखि निजामती ऐनको अभावमा काम गर्न नसकेको गुनासो गर्दै आएको थियो ।

प्रदेश र संघीय सरकारको साझा अधिकारको सूचीमा रहेको उक्त ऐन संघीय सरकारले बनाएपछि मात्रै प्रदेशले बनाउन सक्ने प्रावधान छ । तर, संघ सरकारले सो ऐन निर्माणमा चासो नदिएपछि प्रदेश सरकारले अध्यादेश जारी गरेको हो । स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ ले प्रदेश भित्रका स्थानीय तहबाट गरिने सेवा प्रवाहका लागि आवश्यक कर्मचारी व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन, कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, विभागीय कारबाही, स्थानीय सेवा र सेवाका समूह तथा पदहरूमा एकरुपता तथा सुशासन कायम गर्न अध्यादेशले महत्वपूर्ण कानुनी आधार प्रदान गरेको छ ।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पद प्रदेश निजामती सेवाको पद हुने व्यवस्था अध्यादेशले गरेको छ ।

# राजस्व चुहावट रोक्न स्थलगत निरीक्षणलाई तीव्रता

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले उपमहानगरको राजस्व चुहावट रोक्न स्थलगत निरीक्षणलाई बढाएका छन् ।

उपमेयर बानियाँले हेटौंडा उपमहानगरको आम्दानीको मुख्य स्रोत नदीजन्य पदार्थमा हुने राजस्व चुहावट रोक्न स्थलगत निरीक्षणलाई तीव्रता दिएका हुन् । उपमहानगरका योजना अनुगमन तथा राजस्व समितिका संयोजक समेत रहेका बानियाँले उनले राजस्व चुहावट र यसक्षेत्रमा रहेको विकृति हटाउन जरुरी रहेको बताए ।

नगरक्षेत्रभित्र रहेका सबै क्रसर तथा बालुवा उद्योगको अनुगमन गरी त्यहाँ रहेको स्टक नाप्ने काम आफूले गरिरहेको उनको भनाई छ । उनले प्रतिवन्धात्मक अवस्थामा नदिजन्य पदार्थ उत्खनन् गरी ढुवानी गरिरहेको अवस्थामा असार र साउन दुई महिनामा एक सय ७५ वटा



सवारी साधन नियन्त्रणमा लिएर कारबाही गरेको समेत बताए । उनका अनुसार असारमा ९० वटा सवारी साधन र साउनमा ८५ वटा सवारी साधनले नदिजन्य पदार्थ चोरी निकासी गरेको अवस्थामा नियन्त्रणमा लिइएको हो ।

अवैधरुपमा नदिजन्य पदार्थ उत्खनन् गरी ढुवानी गर्ने ट्याक्टरलाई पहिलो पटक ५ हजार रुपैयाँ जरिवाना गरेर नदिजन्य पदार्थ जफत गर्ने गरिएको छ भने दोस्रो पटकमा १० हजार रुपैयाँ जरिवाना गर्ने गरेको छ । ट्रिपरलाई पहिलो पटकमा १० हजार रुपैयाँ र दोस्रो पटकदेखि २० हजार रुपैयाँका दरले जरिवाना गर्ने गरिएको छ । असार, साउन र भदौ महिनामा नदिजन्य पदार्थ उत्खनन् गर्न रोक लगाउने गरिएको छ । नदिजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधनबाट दुई महिनामा ९ लाख ५५ हजार रुपैयाँ राजश्व आम्दानी गरेको छ ।

# कैलाशको नागछेडामा पुल बनाउन असम्भव

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले गाउँपालिकाको वडा नम्बर ४ र ७ जोड्ने नागछेडामा पुल बनाउन सम्भव नभएको बताएका छन् ।

मकवानपुरको विकट कैलाश गाउँपालिकाको नागछेडामा जोखिमपुर्ण तरिकाले बच्चा तार्न लागेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि अध्यक्ष मुक्तानले उक्त स्थानमा सम्भाव्यता अध्ययन गर्दा पुल बनाउन सम्भवन नभएको बताएका हुन् । उनले पटक/पटक सम्भाव्यता अध्ययन गर्दा त्यहाँ झोलुङ्गे पुल र पक्की पुल दुवै बनाउन असम्भव देखिएकोले अर्को ठाउँमा पुल बनाउन बजेट विनियोजन भैसकेको जानकारी दिए । अध्यक्ष मोक्तानले भने 'नागछेडाबाट १०/१५ मिनेटको पैदलयात्रामा पुगिने कैलाश गाउँपालिका



वडा नं. ४ धुश्राङ र वडा नं. ७ कोठलीटार जोड्ने पक्की पुलको लागि कांग्रेस बागमती प्रदेश सभापति एवं संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँको विशेष पहलमा प्रदेश सरकारबाट बजेट विनियोजन भैसकेको छ र अब केही दिनमै टेण्डर प्रक्रियामा गएर काम सुरु हुन्छ ।' चर्चाको लागि नाटकीयरुपमा तयार पारिएको टिकटक भिडियोको भरमा त्यहाँको भौगोलिक अवस्था नबुझी हचुवामा त्यहीं जन्मेर हुर्केका स्थानीय जनप्रतिनिधिहरु, सांसदहरुलाई गाली गर्ने र अनावश्यकरुपमा सामाजिक सञ्जाल तथा केही सञ्चारमाध्यमले भ्रम सिर्जना गर्न खोजेको प्रति आफ्नो ध्यानाकर्षण भएको अध्यक्ष मुक्तानले बताएका छन् ।

# २ सय २१ जनामा डेंगु र २७ जनामा स्क्रबटाइफस संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १ भदौ/ मकवानपुरमा साउन महिनामा २ सय २१ जनामा डेंगु र २७ जनामा स्क्रबटाइफस संक्रमण देखिएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले उपलब्ध गराएको उक्त तथ्यांकअनुसार पछिल्लो समय मकवानपुरमा डेंगु र स्क्रबटाइफसका बिरामीहरुको संख्या बढ्दै गएको पाइएको छ । कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेले जिल्लामा



पछिल्लो समय डेंगु र स्क्रबटाइफसका बिरामी मात्रै नभएर कालाजारका बिरामी समेत रहेको पाइएको जानकारी दिए । सोही अवधिका जिल्लामा २ जनामा कालाजार देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । कार्यालयका अनुसार मकवानपुरका १० स्थानीय तहमध्ये डेंगु र स्क्रबटाइफसका बिरामी सबैभन्दा धेरै हेटौंडा उपमहानगरभित्रका रहेका छन् ।


**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर

**सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस क्याम्पसबाट मिति २०७९/०४/१६ गतेको पुस्तक खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पेश भएका ३ (तीन) थान सिलवन्दी दरभाउपत्रहरु मध्ये देहाय बमोजिमको दरभाउपत्रदाताको प्रस्ताव स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | प्रस्तावदाताको नाम | छुट प्रतिशत |
|---|---|---|
| १ | श्री विद्यार्थी पुस्तक पसल तथा जनरल अर्डर सप्लायर्स, हेटौडा-४ | २२.२५ (%) |

**क्याम्पस प्रमुख**
डा. शंकर प्रसाद उपाध्याय



**शिक्षक आवश्यकता**

*प्रकाशित मिति: २०७९/०५/०१*

प्रस्तुत विषयमा राक्सिराङ गाउँपालिकाको कार्यालयको मिति २०७९/०४/३१ गतेको च.नं. १७९ को अनुमतिपत्रअनुसार र यस विद्यालयको वि.व्य.स. बैठकको मिति २०७९/०५/०१ गतेको निर्णयअनुसार शिक्षण सिकाई तथा संघीय अनुदान करार कोटामा एकजना अंग्रेजी शिक्षक आवश्यक रहेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.:** ०१/०७९/०८०
**आवश्यक संख्या:** एक (१)
**तह:** आधारभूत विद्यालय (६-८) संघीय था शिक्षण अनुदान करार कोटा
**अध्यापन गर्नुपर्ने विषय:** अंग्रेजी
**शैक्षिक योग्यता:** +२ पास वा सो सरह
**तलब:** नियमअनुसार
**परीक्षा दस्तुर:** रू १५००/- (एक हजार पाँच सय मात्र)
**परीक्षा किसिम:** लिखित, मौखिक आवश्यक परे कक्षाअवलोकन
**सम्पर्क मिति:** विज्ञापन सकेको भोलिपल्ट
**आवश्यकता कागजात:**
१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ थान,
२. शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु २ थान,
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी २ थान,
४. हस्तलिखित निवेदन १ थान,
५. दरखास्त दिने समय: विज्ञापन गरेको ७ दिनभित्र
**पुनश्च:** अनुभविलाई विशेष प्राथमिकता
**सम्पर्क नं.:** ९८४५४६३१४९ (प्र.अ) ९८४४१२१६१७४ (वि.व्य.स)

**श्री आधारभूत विद्यालय**
ठूलोटोड्के, राक्सिराङ गाउँपालिका-८, मकवानपुर



**शिक्षक आवश्यकता**

*प्रकाशित मिति: २०७९/०५/०१*

प्रस्तुत विषयमा राक्सिराङ गाउँपालिकाको कार्यालयको मिति २०७९/०४/३० गतेको च.नं. १७८ को अनुमतिपत्रअनुसार र यस विद्यालयको वि.व्य.स. बैठकको मिति २०७९/०५/०१ गतेको निर्णयअनुसार शिक्षण सिकाई तथा संघीय अनुदान करार कोटामा एकजना (गणित) शिक्षक आवश्यक रहेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.:** ०१/०७९/०८०
**आवश्यक संख्या:** एक (१)
**तह:** आधारभूत विद्यालय (६-८) संघीय था शिक्षण अनुदान करार कोटा
**अध्यापन गर्नुपर्ने विषय:** गणित
**शैक्षिक योग्यता:** +२ पास वा सो सरह
**तलब:** नियमअनुसार
**परीक्षा दस्तुर:** रू १५००/- (एक हजार पाँच सय मात्र)
**परीक्षा किसिम:** लिखित, मौखिक आवश्यक परे कक्षाअवलोकन
**सम्पर्क मिति:** विज्ञापन सकेको भोलिपल्ट
**आवश्यकता कागजात:**
१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ थान,
२. शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु २ थान,
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी २ थान,
४. हस्तलिखित निवेदन १ थान,
५. दरखास्त दिने समय: विज्ञापन गरेको ७ दिनभित्र
**पुनश्च:** अनुभविलाई विशेष प्राथमिकता
**सम्पर्क नं.:** ९८४५४६३१४९ (प्र.अ) ९८४४१२१६१७४ (वि.व्य.स)

**श्री आधारभूत विद्यालय**
ठूलोटोड्के, राक्सिराङ गाउँपालिका-८, मकवानपुर



**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना